कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: ३१७ | वि.सं. २०८१ फागुन २६ सोमवार | नेपाल संवत: ११४४, फागुन शुक्ल एकादशी | Monday 10 March 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

## बाँकेमा सालका रुख जोगाउन वन संवर्द्धन कार्यक्रम

**◣युग संवाददाता**
**बाँके, २५ फागुन ।**

जिल्लाका सामुदायिक तथा चक्ला वनमा साल, अस्ना, कर्मालगायत प्रजातिका रुख जोगाउन वन संवर्द्धन प्रणाली अवलम्बन गरिएको छ । कुकाठका रुखले वन भरिएपछि डिभिजन वन कार्यालयले जिल्लाका २४ सामुदायिक वन र एउटा चक्ला वनमा ती प्रजातिको संरक्षण गर्न वन संवर्द्धन प्रणाली सुरु गरेको हो ।

शम्शेरगन्ज माथेबस चक्ला वनको दुई हजार पाँच सय ७८ हेक्टर र त्रिशक्ति सामुदायिक वनसहित २४ वटा सामुदायिक वनका पाँच हजार आठ सय २५ हेक्टर क्षेत्रफलमा वन संवर्द्धन प्रणाली लागू गरेर सालका रुखका साथसाथै अन्य रुख बढाउने काम भइरहेको जिल्ला वन कार्यालयका प्रमुख शङ्करप्रसाद गुप्ताले जानकारी दिए ।

कार्यालयले दुई हजार दुई सय हेक्टर नयाँ चक्ला वन विस्तार गर्ने कार्ययोजना बनाएको उनले बताए । वन सम्वर्द्धन प्रणाली लागू गरेपछि साल प्रजातिबाहेक अन्य रुखका संरक्षण हुने विश्वास गरिएको छ । "यसको उद्देश्य सालका प्रजातिसँगै अन्य जातका प्रजातिलाई पनि जोगाएर वन क्षेत्रको संरक्षण गर्नु हो", उनले भने ।

जिल्ला वन कार्यालयका सूचना अधिकारी टङ्कबहादुर गुरुङले सामुदायिक वनका उपभोक्ताले सो प्रणालीबाट प्रशस्त मात्रामा लाभ लिएको उल्लेख गर्दै काठ र दाउरा पनि प्रशस्त उपभोग गरेको बताए । "यस प्रणालीबाट कतिपय ठूला सामुदायिक वनले त वर्षमा रु एक करोड हाराहारीमा आम्दानी गरिरहेका छन्", उनले भने ।

सूचना अधिकारी गुरुङले सो प्रणालीबाट पिपल, वर, बेल र चराका बासस्थान (गुँड) हुने प्रजातिका रुखको समेत संरक्षण गरिएको जानकारी दिँदै ८० प्रतिशत सालका रुख र २० प्रतिशत अन्य रुखको संरक्षणमा जोड दिइएको बताए । दुई वर्षअघिबाट मात्र बाँकेमा वन संवर्द्धन प्रणाली सुरु भएको थियो । जिल्ला वन कार्यालयका अनुसार जिल्लामा एक सय १९ वटा सामुदायिक, चार धार्मिक, एक सय चार निजी र एउटा चक्ला वन रहेको छ । डिभिजन वन कार्यालय बाँकेले श्रीखण्ड प्रजातिको बिरुवा संरक्षणका लागि निःशुल्क बिरुवा वितरण गर्न थालेको छ । सूचना अधिकारी गुरुङले यस वर्ष १८ हजार बिरुवा उत्पादन गरेर वितरण गर्ने योजना रहेको जानकारी दिए । उनले यस वर्षदेखि नै ती बिरुवाको निःशुल्क वितरण हुने उल्लेख गरे ।

### अर्थ मन्त्रालयले रोक्यो हवाई सहुलियत कार्यविधि

# उडान महङ्गो भएपछि पुनः रोकियो कर्णालीको आन्तरिक उडान



**◣रमेश रावल**
**सुर्खेत, २५ फागुन ।**

तारा एयरले सुर्खेतबाट कर्णाली तीन हिमाली जिल्लामा हुने उडान बन्द गरेको छ । तारा एयर ९ पुस २०८१ बाट मुगु, हुम्ला र जुम्लामा गर्दै आएको नियमित उडान बन्द गरेको हो । कर्णाली प्रदेश सरकारले सहमतिमा तारा एयरले हिमाली जिल्लामा उडान भर्दै आएको थियो । यात्रु अभावका कारण महङ्गोमा उडान गर्नुपर्ने भएपछि कर्णालीको आन्तरिक हवाई सेवा पुनः बन्द भएको हो ।

हिमाली टुर एण्ड ट्राभल्सले तारा एयरमार्फत तीन जिल्लाको उडान भर्दै आएको थियो । हरेक उडानमा नोक्सान व्यहोर्नुपर्ने भएपछि सेवा बन्द गर्नुपरेको हिमाली टुर्स एण्ड ट्राभल्सले जनाएको छ । अहिले तीन जिल्लामा सातामा दुई पटक नियमित

▶▶ बाँकी ३ पेजमा

> "चालु आर्थिक वर्षमा पनि यही शीर्षकमा प्रदेश सरकारले बजेट व्यवस्थापन गरेको छ ।

### यतीको परीक्षण उडान

वायुसेवा कम्पनी यती एअरलाईन्सले शनिबार सुर्खेत र धनगढी विमानस्थलमा सफलतापूर्वक परीक्षण उडान सम्पन्न गरेको छ । यती एयरलाईन्सले कर्णाली र सुदुरपश्चिममा सेवा विस्तारका लागि परीक्षण उडान गरेको हो । यती एअरलाईन्सको एन-एएमएन एटीआर

▶▶ बाँकी ४ पेजमा

### अर्थले रोक्यो सहुलियत कार्यविधि

कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०७९/०८० को बजेट प्रस्तुत गर्दै तत्कालीन आर्थिक मामिला तथा योजनामन्त्री विन्दमान विष्टले भनेका थिए, 'कर्णाली प्रदेशमा हवाई सेवालाई भरपर्दो, सुलभ र सहज बनाउन सुर्खेत विमानस्थलबाट प्रदेशभित्रका विमानस्थलमा हुने यात्रु हवाई उडान संख्याका आधारमा हवाई सेवाप्रदायकलाई सहुलियत प्रदान गर्न रकम विनियोजन गरेको छु ।'

सुर्खेत केन्द्र बनाई कर्णालीका अन्य जिल्लामा उडान भर्ने एयरलाइन्सहरूलाई इन्धनमा सहुलियत दिने उद्देश्यले कर्णाली प्रदेश सरकारले उक्त आर्थिक वर्षमा १ करोड २० लाख रुपैयाँसमेत विनियोजन गरेको थियो । चालु आर्थिक वर्षमा पनि यही शीर्षकमा प्रदेश सरकारले बजेट व्यवस्थापन

▶▶ बाँकी ४ पेजमा

## राष्ट्रिय खेलकुदको सचिवालय स्थापना

**◣युग संवाददाता**
**सुर्खेत, २५ फागुन ।**

कर्णाली प्रदेशमा आगामी २०८२ जेठ ३ देखि १० गतेसम्म सञ्चालन हुन लागेको दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको मुल आयोजक समितिको सचिवालय स्थापना भएको छ । आइतबार दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन मुल आयोजक समितिका अध्यक्षसमेत रहेका युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीले सचिवालयको व्यानर अनावरण गरेका हुन् । सचिवालय स्थापना भएसँगै प्रतियोगिता सञ्चालन हुनेमा आशा जगाएको छ । सचिवालय स्थापना गर्दै मन्त्री चौधरीले तोकिएकै मितिमा प्रतियोगिता सञ्चालन हुने दावी गरे ।

मुल आयोजक रहेको संघीय सरकारले प्रतियोगिताको तयारी तीव्र पारेको बताउँदै अब कुनैपनि बहानाबाजीमा खेलकुद नरोकिने मन्त्री चौधरीले बताए । अधिकांश खेलकुद हुने प्रदेश रंगशाला निर्माणको काम अन्तिम चरणमा पुगेको उनले बताए ।

प्रतियोगिता सञ्चालनमा उब्जिएका संका र उपसंकालाई चिर्दै तोकिएकै मितिमा खेलकुद सञ्चालन गर्नेगरी तयारी तीव्र पारिएको राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङले बताए ।

## पूर्वराजा ज्ञानेन्द्रलाई गृहमन्त्रीको चेतावनी



**◣युग संवाददाता**
**सुर्खेत, २५ फागुन ।**

गृहमन्त्री रमेश लेखकले गणतन्त्रको विकल्प राजतन्त्र हुन नसक्ने बताएका छन् । आइतबार बिहान सुर्खेतमा पत्रकारहरूसँग कुरा गर्दै गृहमन्त्री लेखकले जनताबाट अस्वीकृत भइसकेका राजाले लोकतन्त्रलाई कमजोरीका रूपमा नलिन चुनौती दिए । 'केही मानिसहरूले र पूर्वराजाले गणतन्त्रको विकल्प राजतन्त्र हुन्छ भनेर भ्रम फैलाइरहेका छन्,' उनले भने, 'त्यो भ्रमबाट राजा हौसिन आवश्यक छैन ।' आन्दोलनबाट फालिसकेका राजाले नेपालमै बसेर स्वतन्त्रता उपभोग गरेको इतिहास विरलै भएको उनले बताए ।

त्यस्तै, गृहमन्त्री लेखकले विपद् जन्य घटनाहरू भएमा तत्काल उद्धार तथा राहत सामग्री राख्न स्थापना गरिएको प्रादेशिक आपतकालीन गोदामघर कर्णाली प्रदेशलाई हस्तान्तरण गरेका छन् । आइतबार वीरेन्द्रनगरमा आयोजित एक कार्यक्रमका बीच गृहमन्त्री लेखकले कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेललाई हस्तान्तरण गरेका हुन् । पश्चिम नेपाल भूकम्प तथा प्राकृतिक विपद्को जोखिममा रहेकाले संघीय सरकार मातहत रहेको गोदामघर प्रदेशलाई हस्तान्तरण गरिएको गृहमन्त्री लेखकले बताए ।


### अपाङ्गताका आधारमा हुने विभेदको अन्त्य गरौं

- अपाङ्गता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं,
- अपाङ्गताको आधारमा गरिने भेदभाव सार्वजनिक अपराध हो, यस्ता भेदभावको अन्त्य गरौं,
- सार्वजनिक निकायका पूर्वाधार र सेवा प्रवाह अपाङ्गमैत्री बनाऔं,
- सार्वजनिक बिद्युतीय सूचना प्रणाली र संचारलाई अपाङ्गतामैत्री बनाऔं,
- अपाङ्गताको आधारमा गरिने हरेक विभेद विरुद्ध खुलेर बोल्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### विज्ञापन दर/रेट सम्बन्धी सूचना

युगआह्वान राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

विज्ञापन दर/रेट

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रु. २०००/- | रु. १८००/- |
| भित्री पृष्ठ | रु. १५००/- | रु. १२००/- |
| अन्तिम पृष्ठ | रु. १७००/- | रु. १५००/- |

वर्गीकृत

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु. ३५००/- | रु. १५००/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रु. ७०/- |

ज्याकेट १ पेज रु. ८,००,०००/-

नोट: उल्लेखित दर/रेट मू.अ.कर बाहेक

युगआह्वान
www.yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...

फोन नं.: ९८५८०५२८१०/९८५८०५५६२७/९८५८०५५६२८
इमेल: yugaawhandainik@gmail.com, yugaawhan@gmail.com

विश्वभरी एकै पटक इ-पेपरका लागि
www.yugnews.com
facebook
https://www.facebook.com/yugnews
यहाँ स्क्यान गर्नुहोस् ।
Job Karnali — Find Your Dream Job — Jobkarnali.com
Tender Karnali — Tenderkarnali.com
ebazar — ebazar.com
GET IT ON Google Play
yugnews.com

## सम्पादकीय....

# गणतन्त्रको विकल्प राजतन्त्र होइन

नेपाल २०६२/०६३ को ऐतिहाँसिक जनआन्दोलनपछि गणतान्त्रिक शासन व्यवस्थामा प्रवेश गऱ्यो। नागरिक स्वतन्त्रता, समानता, समावेशिता र लोकतान्त्रिक मूल्य-मान्यतामा आधारित गणतन्त्र नेपाली जनताको बलिदानको परिणाम हो। तर, पछिल्लो समय केही समूहहरूले गणतन्त्र असफल भएको भन्दै राजतन्त्रको पक्षमा आवाज उठाइरहेका छन्। नेपालमा पछिल्लो समयमा पूर्वराजा ज्ञानेन्द्र शाहलाई पुनःस्थापित गर्न राजावादी दल र समर्थकहरू सडकमा उत्रिएका छन्। यसले वर्तमान राजनीतिक व्यवस्थाप्रति जनताको निराशा र असन्तुष्टिलाई उजागर गरेको छ। वर्तमान व्यवस्था र यसको नेतृत्वले जनताको अपेक्षाहरू पूरा गर्न नसक्दा उत्पन्न भएको असन्तोष र त्यसको परिणामस्वरूप राजावादीका गतिविधिले प्रसय पाएका छन्। नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको दुई दशक पुग्न लागेको छ। यस अवधिमा जनताले स्थिरता, समृद्धि र सुशासनको अपेक्षा गरेका थिए। तर, राजनीतिक दलहरूबीचको निरन्तर विवाद, भ्रष्टाचार र अस्थिरताले जनताको विश्वासलाई कमजोर पारेको छ। नेताहरूको सत्ता स्वार्थ, कुशासन र जनताका समस्याप्रति उदासीनताले जनतामा निराशा बढाएको छ।

यस निराशाको परिणामस्वरूप केही जनसमुदायले राजतन्त्रलाई विकल्पको रूपमा हेर्न थालेका छन्। पूर्वराजा ज्ञानेन्द्र शाहको सक्रियता र उनको पक्षमा भएका प्रदर्शनहरूले यसलाई पुष्टि गर्छ। नेपालको राजनीतिक मञ्चमा पुनः राजावादको चर्चा चुलिएको छ। पूर्वराजा ज्ञानेन्द्र शाहको उपस्थितिलाई लिएर सडकमा प्रदर्शनहरू भइरहेका छन्। राजतन्त्रको अन्त्य भएको १७ वर्ष बितिसक्दा पनि किन केही समूहहरू पुनःराजसंस्थाको पक्षमा उत्रिरहेका छन् ? यसको प्रमुख कारण हो, वर्तमान लोकतान्त्रिक व्यवस्थाले जनताको अपेक्षालाई सम्बोधन गर्न नसक्नु। यथार्थमा गणतन्त्रको विकल्प राजतन्त्र होइन बरु गणतन्त्रको सुदृढीकरण हो। कुनै पनि प्रणालीलाई पूर्ण रूपमा सफल बनाउने वा असफल पार्ने काम संस्थागत संरचना, नेतृत्वको प्रतिबद्धता र नागरिक सचेतनामा निर्भर गर्छ। नेपालको गणतन्त्रले अपेक्षाकृत गतिमा उपलब्धि हाँसिल गर्न नसकेको सत्य भएपनि यसको सुधारात्मक विकल्प पुनः राजतन्त्र फर्काउनु होइन। राजतन्त्र मुलतः व्यक्तिवादी शासन प्रणाली हो, जसमा जनताको सार्वभौमसत्ता सीमित गरिन्छ। इतिहाँस साक्षी छ कि नेपालको राजतन्त्र जनहितको पक्षमा भन्दा दरबार केन्द्रित सत्ताको अभ्यासमा केन्द्रित रहेको थियो। यसैले पुनः पुरानै प्रणालीमा फर्किनु भनेको देशलाई पछाडि फर्काउनु हो। यद्यपि, गणतन्त्रवादी शक्तिहरूको कमजोर भुमिकाले राजतन्त्रवादीहरूलाई उक्साउने अवसर प्रदान गरेको देखिन्छ।

गणतन्त्रको मर्म र मूल्यमान्यता बिर्सिएर सत्ता स्वार्थमा लिप्त हुने प्रवृत्तिले नागरिकमा निराशा फैलिएको छ। भ्रष्टाचार, कुशासन, नेतृत्वको अकर्मण्यता र जनताको अपेक्षाअनुसारका परिवर्तन नआउँदा गणतन्त्रप्रति विश्वास खस्किएको हो। यसले गणतन्त्रको आलोचना गर्नेहरूलाई बल पुऱ्याएको छ। नेपालको वर्तमान राजनीतिक परिदृश्यमा जनताको निराशा र असन्तोषले राजावादी गतिविधिहरूलाई पुनःउत्थान गरेको छ। यो अवस्थामा राजनीतिक दलहरूले आत्मआलोचना गर्दै जनताको अपेक्षाहरू पूरा गर्न ठोस कदम चाल्न आवश्यक छ। सुशासन, पारदर्शिता र जनउत्तरदायी नेतृत्वले मात्र जनताको विश्वास पुनःस्थापित गर्न सक्छ र लोकतान्त्रिक व्यवस्थाको स्थायित्व सुनिश्चित गर्न सक्छ। नेपालमा अहिले समस्या व्यवस्थाको छ, प्रणालीको होइन। यदि राजनीतिक अस्थिरता, भ्रष्टाचार, प्रशासनिक जटिलता र विकासमा ढिलाइ जस्ता समस्याहरू छन् भने तिनको समाधान गणतन्त्रभित्रै खोजिनुपर्छ। सुशासन, जवाफदेहिता, लोकतान्त्रिक अभ्यासको सुदृढीकरण र संस्थाहरूको मजबुतिकरण गरेर मात्र समस्याको समाधान हुन सक्छ। त्यसैले, गणतन्त्रलाई परिमार्जन गर्दै प्रभावकारी बनाउने दिशामा केन्द्रित हुनु नै आजको राष्ट्रिय आवश्यकता हो। नागरिक सचेतना, नेतृत्वको इमान्दारिता र संस्थागत सुधारमार्फत मात्र नेपालले समृद्धिको यात्रा तय गर्न सक्छ। गणतन्त्रको विकल्प फेरी राजतन्त्र ल्याउनु होइन, बरु गणतन्त्रलाई अझ सुदृढ बनाउनु हो।

## विश्व

# १६ पत्नी, १०४ सन्तान र १४४ नातिनातिना भएका यी अफ्रिकी पुरुष

**तान्जानिया, २५ फागुन।**
आजभोलि मानिसहरू विवाह गरेर आफ्नो परिवार सुरु गर्नका लागि १० पटक सोच्ने गर्छन्। परिवारमा एक जना सदस्य मात्र थपिँदा उनीहरू ठुलो दबाब महसुस गर्छन्।

तर, तान्जानियाको एउटा सानो गाउँका एम्जी अर्नेस्टो मुइनुची कापिङ्गाको कथा भने फरक छ। उनका १६ जना पत्नीबाट १०० भन्दा बढी सन्तान छन् भने १ सय ४४ जना नातिनातिनाहरू रहेका छन्।

विज्ञापन पोस्ट गर्नुहोस् सबै हेर्नुहोस्

नागोम्बे नामक सानो गाउँका बासिन्दा रहेका कापिङ्गाको घर नै गाउँजस्तो देखिन्छ। उनले आफ्नो हरेक पत्नीका लागि एउटा घर बनाइदिएका छन्। जहाँ उनीहरू दैनिक काम गर्न व्यस्त देखिन्छन् भने बालबालिकाहरू खेल्नका लागि कुदिरहेको देख्न सकिन्छ।

हालै अफ्रिम्याक्सलाई दिएको एक अन्तर्वार्तामा कापिङ्गाले आफ्नो पिताको आग्रहमा परिवार 'फैलाउन' सुरु गरेको खुलाए। उनले सन् १९६१ मा पहिलो विवाह गरेका थिए। एक वर्षपछि उनको पहिलो सन्तान भयो।

तर, उनको पिताले एउटा पत्नी मात्र पर्याप्त नभएको बताए। उनले थप विवाह गरेर अझै धेरै सन्तान जन्माए मात्र सम्पत्ति दिने घोषणा गरे।

ल्बदर्ष दबलप

'हाम्रो परिवार सानो छ। म चाहन्छु तिमी यसलाई बढाऊ,' उनको पिताले कथित रूपमा भनेका थिए। कापिङ्गाले पनि यो 'मिसन' लाई स्वीकार गरे।

सुरुमा पाँचवटा विवाह गरेका कापिङ्गा त्यसपछि रोकिएनन्। एक समय उनका २० वटा श्रीमती थिए। तर, केहीले उनलाई छाडेपछि अहिले उनीसँग १६ जना पत्नी रहेका छन्।

यता, कापिङ्गाका पत्नी भने उनी राम्रो पति भएको बताउँछन्। उनको राम्रो व्यवहारका कारण केहीले आफ्नी बहिनीलाई समेत कापिङ्गासँग विवाह गर्न गराएका छन्। हालसम्म सात जना दिदीबहिनीले उनीसँग विवाह गरेका छन्। यसका बाबजुद एक अर्कामा ईर्ष्या नभएको र सबैजना मिलेर बस्ने गरेको उनीहरूको भनाई छ।

'यहाँ सबैको आ-आफ्नो भूमिका छ,' कापिङ्गा भन्छन्, 'हरेक पत्नीको आफ्नै घर र भान्सा छ। कसैको कसैसँग प्रतिस्पर्धा छैन। सबैलाई आफ्नो स्थान थाहा छ। हामीसँगै कृषिकर्म गर्छौं, सँगै खान्छौं र सँगै काम गर्छौं। यो घर मात्र नभएर एउटा व्यवस्था हो।'

अनि एक जनाले कसरी यत्रो ठुलो परिवारको हेरचार गर्छ ? उनी भन्छन्, 'सबैले आ-आफ्नो लागि काम गर्छन्। खेती किसानी गरेर त्यसलाई बेचेर आम्दानी हुन्छ।'

# सामुदायिक वनमा महिला नेतृत्वको सफल अभ्यास

✍ छायाँ पन्थ (वसन्ती)/रासस



रुपन्देहीको देवदह-९ मा रहेको जनप्रिय सामुदायिक वन २०६६ सालमा महिलाको हातमा हस्तान्तरण भयो। सामुदायिक वनमा महिला नेतृत्वसँगै संरक्षणमा स्थानीय महिलाको जीवनको एक महत्वपूर्ण पाटो बनेको छ। हस्तान्तरणको समयदेखि हालसम्म वनलाई महिला नेतृत्वले हाँकिरहेका छन्।

रुपन्देहीको देवदह-९ मा रहेको यो सामुदायिक वन दुई सय ३७ हेक्टर क्षेत्रफलमा फैलिएको छ। देवदह-९ मा वन कार्यालय रहे पनि वडा नं ९ र १० का चार सय ८० घरधुरी उपभोक्ता यसमा समेटिएका छन्। वनबाट वन पैदावरसँगै स्थानीयको आवश्यकता पूरा गर्दै महिलाहरुको आत्मविश्वास र आत्मबल बढाएको सामुदायिक वनका अध्यक्ष रुका सापकोटाले बताउनुभयो। महिलाको समूहले वन जोगाउँदै स्थानीयका आवश्यकता पूरा गरिरहेको उहाँले बताउनुभयो। "नेतृत्वसँगै सामाजिक उत्तरदायित्वका काम गरेका छौँ", उहाँले भन्नुभयो, "महिलाका लागि अचार बनाउने तालिम, क्षमता विकासका विभिन्न तालिम प्रदान गरेका छौँ। यसबाट महिलाको आर्थिक पाटो पनि बलियो बन्न सहज भएको छ।"

वन समितिले वनलाई पर्या-पर्यटनसँग जोड्ने योजना बनाएर 'बोटानिकल गार्डेन'को अवधारणा साधारणसभाबाट समेत पारित गरिएको उहाँले बताउनुभयो। बढ्दो आधुनिकताले च्यापिरहेको समयमा भावी पुस्तालाई बोटबिरुवा र पर्यावरणका बारेमा जानकारी हुने भएकाले यो योजना अघि सारिएको छ। वन समितिले स्थानीयलाई तरकारीका बिरुवा निःशुल्क उपलब्धसमेत गराउँदै आएको छ।

यसबाट घरमा दैनिक प्रयोग गरी बढी भएको तरकारी बिक्री गरेर आम्दानी हुँदा स्थानीय महिला खुसी भएको रुकाको भनाइ छ। अध्यक्ष रुकाभन्दा अगाडि यस सामुदायिक वनको नेतृत्व माया गलामी र रुक्मा चौधरी गरिसक्नुभएको छ। अवसर पाउँदा महिलाले जुनसुकै काम सफल रुपमा गर्न सक्छन् भन्ने गतिलो उदाहरण बनेको रुकाले बताउनुभयो।

यस्तै देवदह वडा-७ मा रहेको सिर्जना सामुदायिक वनमा पनि सम्झना दुवे अध्यक्ष हुनुहुन्छ। विसं २०५१ मा स्थापना भएको यस सामुदायिक वनमा २०४९ सालमा वन ऐन आएसँगै संरक्षण गर्दै हालै अध्यक्ष बनेको सम्झना दुवेले बताउनुभयो। पहिले १९ हेक्टर क्षेत्रफलमा रहेको वन हाल विभिन्न कारणले १४ हेक्टरमा सीमित भएको अध्यक्ष दुवेको भनाइ छ। यस सामुदायिक वन क्षेत्रभित्र २०७३ सालमा 'यशोधरा चिल्ड्रेन पार्क' निर्माण गरिएको छ। पार्कमा बुद्धसँग सम्बन्धित महामाया, यशोधरा, प्रजापतिको मूर्ति स्थापना गरेर अवलोकनका लागि खुला गरिएको अध्यक्ष दुवेले जानकारी दिनुभयो।

सामुदायिक वनको १५ सदस्यीय समितिमा उहाँसँगै आठ महिलाको सहभागिता छ। चालु आर्थिक वर्षमा प्रदेश सरकारबाट प्राप्त रु १० लाख बजेटबाट पार्कलाई थप व्यवस्थित गरी भगवान गौतम बुद्धको मावली स्थानका रुपमा परिचित देवदहलाई आगामी दिनमा बौद्धमय बनाउने अध्यक्ष दुबेले बताउनुभयो। "अब पार्कलाई बौद्धमय बनाउँछौँ", उहाँले भन्नुभयो, "हरेक बुद्धजयन्तीभन्दा पाँच दिन अगाडि यशोधरा दिवस मनाउँदै आएका छौँ। यो विश्वमा नै पहिलो हो।"

जिल्लाको कञ्चन गाउँपालिकाको पहिलो खोला सामुदायिक वनको नेतृत्व लक्ष्मी रानाले गर्दै आउनुभएको छ। कञ्चन वडा नं १० मा रहेको वन एक सय २५ दशमलव ९९ हेक्टर क्षेत्रफलमा फैलिएको छ। यस सामुदायिक वनमा पालिकाका वडा नं १० र ११ का उपभोक्ता जोडिएका छन्। हालसम्म तीन कार्यकाल अध्यक्ष बनेर नेतृत्व गरिरहनुभएकी लक्ष्मीले वनकै माध्यमबाट विभिन्न सामाजिक कामहरु गरेको बताउनुभयो।

वन संरक्षणसँगै यसकै माध्यमबाट महिलाको आर्थिक अवस्था बदल्न सहयोगी बनेको अध्यक्ष राना बनाउनुहुन्छ। "वन संरक्षण त भएकै छ। यससँगै घुम्ती कोष सञ्चालन गरी विपन्न परिवारका महिलालाई आर्थिक अवस्थामा सहजता प्रदान गरेका छौँ", उहाँ भन्नुहुन्छ, "घुम्ती कोषमार्फत एक रुपैयाँ व्याजमा ऋण दिने र उक्त रकम एक वर्षमा फर्काउनुपर्ने व्यवस्था गरेका छौँ।"

समूहकी अध्यक्ष लक्ष्मीका अनुसार घुम्ती कोषको रकमबाट महिलाले आयआर्जन हुने खालका व्यवसाय सञ्चालन गर्दै आएका छन्। उहाँका अनुसार घुम्ती कोषको ऋण सापटीबाट महिलाले कुखुरा, बाख्रा, बङ्गुर, भैँसीपालन गर्ने गरेको र कतिपयले सानोतिनो व्यापार गरी आर्थिक अवस्था सुधार गर्दै आएका छन्। त्यसका साथै वनकै माध्यमबाट सडक बत्तीको समेत व्यवस्था मिलाएको बताउनुभयो। विभिन्न समयमा हुने कटान र ढलापडा काठ बिक्री गरेर वनको आम्दानी बढाउँदै लगिएको समेत अध्यक्ष रानाले बताउनुभयो।

लुम्बिनी सांस्कृतिक नगरपालिकामा रहेको शान्ति सिर्जना वनमा रेखा पौडेल अध्यक्ष हुनुहुन्छ। चारैतिरबाट बस्तीको बीचमा रहेको यो वन १८ दशमलव ६ हेक्टर क्षेत्रफलमा फैलिएको छ। करिब दुई सय ९३ उपभोक्ता रहेको यस वनमा अध्यक्षसँगै सबै महिला सदस्य रहेका छन्। वन क्षेत्र यसै पनि जोखिमको क्षेत्र भएकाले महिलालाई मात्र गाह्रो हुने भएकाले अब आगामी योजनामा पुरुषलाई पनि सहभागी गराउने अध्यक्ष पौडेलले बताउनुभयो। एघार सदस्यीय महिला समितिमा उपभोक्ता भने पुरुषहरु पनि छन्। विभिन्न समयमा हुने कटान र ढलापडा नै वनको मुख्य आम्दानीको स्रोत हो। यसबाहेक अन्य कुनै पनि आर्थिक स्रोत नहुँदा महिलाहरुको क्षमता वृद्धिका कामहरु गर्न नसकेको पौडेलले ग ुनासो गर्नुभयो।

महिलाहरुले नेतृत्व गरेका रुपन्देहीका सामुदायिक वनहरु सात वटा छन्। यस नगरपालिकाभित्र रहेका सिर्जना सामुदायिक वन, जनप्रिय सामुदायिक वन, चेतना सामुदायिक वन, महामाया सामुदायिक वन, हरियाली सामुदायिक वनको नेतृत्व महिलाले गरेका छन्। चेतना सामुदायिक वनमा सम्झना चौधरी, महामाया सामुदायिक वनमा कमला न्यौपाने र हरियाली सामुदायिक वनमा सरस्वती चौधरीले सामुदायिक वन समितिको नेतृत्व गर्दै आउनुभएको सब-डिभिजन वन कार्यालयले जनाएको छ। उता कञ्चन गाउँपालिकामा पनि एक सामुदायिक वनमा महिलाको नेतृत्वमा वन समिति बनेको छ। यस्तै पहिलो खोला सामुदायिक वनमा महिला अध्यक्ष लक्ष्मी राना रहेको डिभिजन वन कार्यालयका वरिष्ठ वन अधिकृत सुजन धिमालले बताउनुभयो।

त्यस्तै लुम्बिनी सांस्कृतिक नगरपालिकाको रुद्रपुर धमिनाताल सामुदायिक वनमा पनि महिला अध्यक्ष पार्वती थापासहितको वन समिति रहेको अधिकृत धिमालले जानकारी दिनुभयो। रुपन्देहीका वनमा महिला अध्यक्ष मात्र हैन जिल्लाका दुई वटा वनको समितिमा सबै महिला सदस्य रहेका छन्। कञ्चन गाउँपालिकामा एक सय ८५.७ हेक्टर क्षेत्रफलमा फैलिएको पिपरीचापा महिला सामुदायिक वनमा सिङ्गो समितिमा महिलाहरु छन्। यसमा रेउकुमारी काउचा अध्यक्ष रहेको वरिष्ठ वन अधिकृत धिमालले बताउनुभयो।

त्यस्तै लुम्बिनी सांस्कृतिक नगरपालिकाको शान्ति सिर्जना सामुदायिक वनको सिंगो समिति नै महिलाको छ। २१.४२ हेक्टर क्षेत्रफलमा समेटिएको वनमा रेउकुमारी काउचा अध्यक्ष रहनुभएको छ। सामुदायिक वन उपभोक्ता महासङ्घ नेपाल रुपन्देहीका अध्यक्ष श्यामकला आचार्यले महिला नेतृत्वका सामुदायिक वनमा आर्थिक पारदर्शी हुने बताउनुभएको। "महिलाहरु इमान्दार हुन्छन्, उनीहरुले नियम, कानुन, पद्धतिको अनुसरण गर्छन्" उहाँले भन्नुभयो, तर कतिपय पुरुष नेतृत्व भएको ठाउँमा आर्थिक सुशासन कमजोर रहेको देखिन्छ।"

महासङ्घका अध्यक्ष आचार्यले वैज्ञानिक वन व्यवस्थापन हटिसकेको अवस्थामा पनि त्यसैलाई अनुसरण गर्नुपर्छ भनेर पुरुष नेतृत्वले भन्ने गरेको बताउनुभयो। वैज्ञानिक वन व्यवस्थापनमा धेरै काठ काट्न पाइने र त्यसैबाट फाइदा निकाल्न खोज्ने प्रवृत्ति हाबी भएको उहाँको भनाइ छ। शिवनगर सामुदायिक वनमा दोस्रोपटक सचिव बनेकी सुमित्रालाई पहिले वनकै कुरा थाहा पाउन मुस्किल हुन्थ्यो। तर अचेल भने बल्ल वनका कुरा थाहा हुन थालेको बताउनुभयो। कामको सन्दर्भमा पनि पुरुषको तुलनामा महिलाले आफ्नो जिम्मेवारी जसरी पनि पुरा गर्ने उहाँको भनाइ छ। डिभिजनल वन कार्यालय रुपन्देहीका सिनियर डिभिजनल वन अधिकृत प्रविण बिडारीका अनुसार रुपन्देहीमा रहेका एक सय १० सामुदायिक वनमध्ये सात वटा सामुदायिक वनमा महिला अध्यक्ष छन्। त्यसैगरी जिल्लाका दुई वटा सामुदायिक वनमा सिङ्गो वन समिति महिलाको रहेको छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष:** सकारात्मक सोचको साथमा कार्य प्रारम्भ गर्नुहोला। अरुको विश्वासमा कुनैपनि कार्य अधुरो नछोड्नुहोस्। आध्यात्मिक ज्ञानमा वृद्धि हुनेछ।

**वृष:** समाजमा प्रतिष्ठा बढ्नेछ। प्रतिष्ठित कार्य प्रारम्भ गर्ने समय रहेको छ। साझेदारी व्यापारबाट लाभ मिल्ला। आत्मविश्वासमा वृद्धि हुनेछ।

**मिथुन:** कार्यक्षेत्रमा नयाँ कार्य हात लाग्नेछ। प्रतियोगी परीक्षामा सफलता पाइनेछ। समाजमा अधिकार स्थापित गर्नको लागि संघर्ष गर्नुपर्ला।

**कर्कट:** कार्यक्षेत्रमा नियमित दिनचर्यामा बदलाव हुनाले मन प्रसन्न रहनेछ। बच्चाहरूको साथमा मनोरञ्जनात्मक समय बित्नेछ।

**सिंह:** पारिवारिक सद्भावनामा कमी आउनेछ। व्यापार व्यवसायमा जीवनसाथीसँग सल्लाह महत्वपूर्ण रहनेछ। सवारी साधनमा धन खर्चका योग छन्।

**कन्या:** कार्यक्षेत्रमा समयमा कार्यसम्पादन हुनाले मन प्रसन्न रहनेछ। पुराना उपलब्धि नोकरी वा पेशामा पदोन्नतिमा सहायक हुनेछन्। समाजमा नयाँ जिम्मेवारी मिल्ला।

**तुला:** राजनैतिक क्षेत्रमा नयाँ जिम्मेवारी हात पर्न सक्छ। कार्यक्षेत्रमा बोलीले कार्य सिद्ध गर्न सक्नुहुनेछ। विद्यार्थीलाई अध्ययन अध्यापनमा नयाँ कुरा सिक्ने मौका मिल्नेछ।

**वृश्चिक:** विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ। कार्यक्षेत्रमा आत्मविश्वासले गर्दा अप्ठ्यारो काम पनि सजिलै सम्पादन हुनेछ। व्यापार व्यवसायमा लाभ रहनेछ।

**धनु:** व्यापार व्यवसायमा जोखिम लिदा हानी नोक्सानी हुन सक्ला। वैदेशिक रोजगारको नयाँ अवसर मिल्नेछ। आफ्नो भावनालाई नियन्त्रणमा राखेर कार्य गर्नुहोस्।

**मकर:** समय अनुकूल हुनाले कार्य गर्नमा सहज हुनेछ। अध्ययनमा ध्यान केन्द्रित गर्नुहोस्। नयाँ उपलब्धिहरू प्राप्त गर्न सकिएला। आर्थिक पक्ष सबल रहनेछ।

**कुम्भ:** व्यापार व्यवसायमा आफूलाई स्थापित गर्नको लागि नयाँ सम्झौताहरू गर्नुपर्ला। आफ्नो प्रतिभालाई निखार्नमा सफल भइनेछ।

**मीन:** समय अवस्था बुझेर आफूलाई चलायमान बनाउने प्रयास गर्नुहोस्। धर्मकर्ममा रुचि बढ्नुको साथै धार्मिक यात्राका योग छन्।

# योजना माग्न नरहरिनाथको सर्वदलीय टोली सुर्खेतमा मुख्यमन्त्रीलाई १० बुँदे माग पत्र बुझायो

**युग संवाददाता**
**सुर्खेत, २५ फागुन ।**

नरहरिनाथ गाउँपालिका अध्यक्ष नगेन्द्रबहादुर बिष्ट आईतबार दिउँसो कर्णाली प्रदेशसभामा भेटिए। पालिकामा क्रियाशिल राजनितीक दलका प्रतिनिधीसहित आएका अध्यक्ष बिष्टले प्रदेशसभा परिसरबाहिर रहेका प्रदेशसभा सदस्यहरुलाई प्रदेशसभा भित्र आउनुको कारण सुनाउँदै गाउँको बिकासका लागि प्रदेश सरकारको साथ चाहिएको बताए।

उनले केहि योजना कार्यान्वयनमा देखिएको ढिलाई र आगामी बर्षको बजेटमा आफ्नो पालिकाका योजनाहरुको प्राथमिकताका बिषयमा प्रदेश सरकारका मन्त्री र दलका नेताहरूलाई जानकारी गराई बजेट विनियोजनका लागि माग गरेको बताए। उनले आईतबार कर्णाली सरकारका मुख्यमन्त्री यामलाल कँडेल, नेपाली काँग्रेस संसदीय दलको नेता जीवनबहादुर शाही, प्रमुख सचेतक हिक्मतबहादुर बिष्ट, सामाजिक बिकास मन्त्री घनश्याम भण्डारी लगायतलाई पालिकाको प्राथमिकतामा परेका योजनाहरुको सूची बुझाएर बजेटका लागि आग्रह गरिएको बताए।



सोहि माग पत्र कर्णाली प्रदेश सभाको प्रमुख विपक्षी दलका नेता राजकुमार शर्मा र भौतिक पूर्वाधार तथा सहरी बिकास मन्त्री शेरबहादुर शाहीलाई बुझाउने कार्यक्रम रहेको उनले बताए। पूर्वाधार बिकासमा पछाडिरहेको नरहरिनाथ गाउँपालिकामा विभिन्न ५ वटा सडक निर्माण र स्तरोन्नती, रहगाडको माल्कोट डाँडाखर्क जोड्ने पक्कि पुल निर्माण तथा केही विद्यालय भवन निर्माणका लागि प्रदेश सरकारको ध्यानाकर्षण गराईएको अध्यक्ष बिष्टले बताए।

पालिकाको समृद्धि र बिकासका लागि सहकार्य गर्न पालिकाको सर्वदलीय बैठकमार्फत योजनाहरुको प्राथमिकिकरण गरि साझा पहल गरिएको नेकपा माओवादी केन्द्रका अनिपाल शाहिले बताए। "पालिकाले अघि सारेका योजनाहरु सबै दलका साझा योजना हुन" उनले भने, "पालिकाको बिकासका लागि स्थानीय सरकारसंग सहकार्य गर्न सबै दल तयार भएका छन्।"

नेकपा एमालेका लालबहादुर बुढा, एकीकृत समाजवादीका ओमप्रसाद उपाध्याय, नेपाली काँग्रेसका उमेश बिष्ट, विप्लव नेतृत्वको नेकपाका भेरी सी लगायतको समूहले प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्री र दलका नेताहरुलाई भेट गरि माग पत्र बुझाएको छ।

माग पत्र बुझ्दै मुख्यमन्त्री यामलाल कँडेलले पालिकाले प्राथमिकतामा राखेका योजनाहरु प्रदेश सरकारले तय गरेको प्रक्रियामा आए बजेट विनियोजनका लागिफपहल गर्ने बताए। योजना माग्न प्रदेश राजधानी धाइरहनुपर्ने अवस्था अन्त्य भई सकेको भन्दै मुख्यमन्त्री कँडेलले संघीय संरचना अनुसार काम हुन नसकेकोले केही समस्या रहेको बताए।

जनताको भावना र जनप्रतिनिधिको सुझावअनुसार आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम ल्याईने र बजेट कार्यान्वयन गरिने मुख्यमन्त्री कँडेलको भनाई छ। खल्तीमा निवेदन बोकेर प्रदेश राजधानी आउने अवस्था अन्त्य गर्न तपाईं हामी सबैले सकारात्मक काम गर्नुपर्छ। प्राथमिकता र आवश्यकताका आधारमा बजेट विनियोजनको थिति बसाउन म सबैको सहयोग आवश्यक छ।

## कुम्हार-कसगढ समुदायलाई निःशुल्क इलेक्ट्रोनिक उपकरण

**सरला सुवेदी**
**बाँके, २५ फागुन ।**

नेपालगन्ज उपमहानगरपालिकाले परम्परागत माटोका भाँडा, बर्तन, कुज्जा आदिको उत्पादन गर्दै आएका कुम्हार तथा कसगढ समुदायका मेहनती हातहरूलाई सम्मानस्वरूप आधुनिक प्रविधिसहितका इलेक्ट्रोनिक मेसिन उपलब्ध गराएको छ।

उपमहानगरपालिकाले यस कार्यक्रममार्फत कुम्हार तथा कसगढ समुदायका व्यवसायीहरूको उत्पादन क्षमतामा वृद्धि गर्दै आधुनिक प्रविधिको उपयोगद्वारा कार्यलाई प्रभावकारी बनाउने लक्ष्य राखेको नेपालगन्ज उपमहानगरपालिकाका नगर प्रमुख प्रसान्त बिष्टले बताए।

परम्परागत रूपमा हातले नै भाँडाकुँडा बनाउँदै आएका यी समुदायका शिल्पकारहरू अब इलेक्ट्रोनिक उपकरणको प्रयोग गरी द्रुत गतिमा तथा अझ परिष्कृत रूपमा उत्पादन गर्न सक्षम हुने बिष्टले बताए। यसले समय र श्रमको बचत गर्दै उत्पादनको परिमाण तथा गुणस्तरमा सुधार ल्याउने अपेक्षा गरिएको बिष्टको धारणा छ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री भिमकला बास्तोला धनी रहेको, दर्ता नम्बर ४/०८१/०८२ बाट चौकुने गा.पा-२, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री कमल कृषि तथा पशुपंक्षी नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीकालागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## उडान...

उडान भर्ने सहमतिअनुसार काम सुरु गरिए पनि आवश्यक सहयोग प्राप्त नभएपछि हवाई सेवा बन्द भएको ट्राभल्सका निर्देशक मिनबहादुर रावलले बताए। 'हिमाली टुर्स एन्ड ट्राभल्सले तारा एयरको ट्वीनअटर विमानमार्फत उडान सुरु गरेका थियौं,' उनले भने,'सहयोग नपाएपछि उडानमा घाटा खाएर काम गर्न सकिने अवस्था रहेन अहिले बन्द गरेका छौं।'

प्रबन्ध निर्देशक रावलका अनुसार हाल प्रतिउडान जुम्ला र मुगुमा एक लाख ७५ हजार र हुम्लामा दुई लाख ७५ हजार रुपैयाँ खर्च आउने गरेको थियो। यात्रु नहुँदा यो रकम कम्पनी आफैँले व्यहोर्दै आएको छ। तीन जिल्लामा हुने साताका दुई उडानका लागि भाडादरसमेत तय गरिएको छ। जसमा सुर्खेत-मुगु-सुर्खेत छ हजार पाँच सय, सुर्खेत-जुम्ला-सुर्खेत पाँच हजार पाँच सय र सुर्खेत-सिमकोट-सुर्खेत रुटमा आठ हजार भाडादर तोकिएको छ। यो भाडादर नेपालगञ्जको भन्दा सस्तो हो। अहिले मुगु-नेपालगञ्ज सात हजार पाँच सय भाडादर रहेको छ।

झण्डै ६ वर्षपछि आफूहरूले कर्णालीवासीलाई जहाज चढ्न नेपालगञ्ज धाउनुपर्ने बाध्यता अन्त्य गरेको भए पनि यात्रुको अभावले चुनौती झेल्नु परेको उनले बताए। कर्णालीको आन्तरिक आकाशमा जहाज उडाउन निजीक्षेत्रको एकल प्रयासले मात्रै नहुने उल्लेख गर्दै रावलले इन्धन र हवाई शुल्कमा सहुलियतको अविलम्ब व्यवस्था गर्नुपर्ने बताए।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री जैसरा देवी हुन्चीङ धनी रहेको, दर्ता नम्बर १००२२/०७९/०८० बाट लेकवेशी न.पा-८, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री जैसरा कुटानी पिसानी मिल नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीकालागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री उमेश ढकाल धनी रहेको, दर्ता नम्बर १०४७३/०८०/०८१ बाट वी न.पा-९, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री विन्ध्य वासिनी डिजिटल फोटो स्टुडियो नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीकालागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

# Khajura Rural Municipality
# Office of the Rural Municipal Executive

**Khajura, Banke**

## Invitation for Bids

**First Date of Publication: March -10, 2025**

1. Khajura Rural Municipality, Office of Rural Municipal Executive has allocated funds towards the cost of Construction of following Contracts stated in table below and intends to apply part of the funds to cover eligible payments under the Contract for Bidding is open to all eligible Nepalese Bidders.
2. KRM, Banke invites sealed bids from eligible bidders for the construction of following projects stated in table, under National Competitive Bidding procedures. Only eligible bidders should participate in the bidding.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Khajura Rural Municipality Telephone No:- 081-560187 or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp
4. Bidder who chooses to submit their bid electronically may download the bidding document for E-submission from PPMO's website www.bolpatra.gov.np/egp. Bidders who submitting their bids electronically, should deposit the cost (as specified below) of bidding document in the rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of Bank Deposit voucher shall be uploaded by the bidder at the time of Electronic submission of bids. To deposit the cost of bidding document in Bank:
   Name of the Bank: NIC ASIA Khajura Banke
   Name of Office: Khajura Rural Municipality Khajura, Banke
   Office Code no: 801055703
   Office Account no: Ga.1.1(1112051498621003) Antarik Rajaswa Khata
5. Electronic bids must be submitted through PPMO's website www.bolpatra.gov.np/egp on before 12:00 Noon April-09, 2025 Bids received after this deadline will be rejected.
6. Prebid meeting shall be held at Khajura Rural Municipality, Khajura Banke at 12:00 Noon March -24, 2025.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at April-09, 2025 at 14:00 Hours at the office of KRM, Banke. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of bid security in pdf format in case of E-bid amounting to a minimum as specified in table as follows, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If a bidder wishes to submit the bid security in the form of cash, the cash should be deposited in the name of the : NIC ASIA Banke Khajura
   Name of the Office: Khajura Rural Municipality Khajura, Banke
   Office Account no: ga.3.(B141498621524004) (DharautiKhata) and the receipt voucher of the deposited amount of cash should be submitted along with the bids.
9. The summary of different Contracts are given below:

| S. No. | Contract Number | Contract Name | Estimate Amount Without VAT, PS & Contingencies | Bid Security (NRs) | Price of Bidding Document |
|---|---|---|---|---|---|
| 1 | KRM/NCB/ WORKS/ 19/2081-82 | Ward no 8 Chamakdarpur dekhi Dakshin Manini ko Aapko Bagaicha Samma Gramin Sadak Istorunnati | 1764039.28 | 52500 | 3000.00 |
| 2 | KRM/NCB/ WORKS/ 20/2081-82 | Ward no 3 Sapana Rasaili ko Ghar Dekhi Nari Utthan Hudai Aadarsha Ma.Bi Gate Samma Sadak Istorunnati | 3009254.70 | 90000 | 3000.00 |
| 3 | KRM/NCB/ WORKS/ 21/2081-82 | Ward no 2 C Gaun Pratap Baraili ko Ghar Dekhi Padam Giri ko Ghar Samma Gramin Sadak | 3352017.05 | 100000 | 3000.00 |

**Chief Administrative Officer**

## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि बिकास बैंक लि. प्रदेश कार्यालय सुर्खेतको २१ दिने सूचना

**(सूचना प्रकाशन मिति: २०८१।११।२६)**

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने ब्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ।

**सम्बन्धित कार्यालयको नाम : शाखा कार्यालय, कालिकोट**

| क्र. सं. | कर्जा ग्राहकको नाम (फर्म, प्रोप्राईटरको नाम/कम्पनि) | ठेगाना | बाजेको नाम | ग्राहकको पिता/पतिको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१।११।२५ सम्मको व्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जूरीनामा दिने/जमानत बस्नेको नाम | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | चन्द्रमान विश्वकर्मा | खाँडाचक्र न.पा.-०१, कालिकोट | माघे विश्वकर्मा | कर्ण विश्वकर्मा | आवाश कर्जा | ३२८४४४ | ४९५०० | ३७७९४४ | बाँचु वि.क. | ३३१ दिनले भाखा नाघेको |
| २ | ऐश्वर्य निजिफलफुल नर्सरी फर्म प्रो.ऐश्वर्य अधिकारी रोकाय | खाँडाचक्र न.पा.-११, कालिकोट | धनमल रोकाय | सउरे अधिकारी | कर्णाली प्र.अनुदान | २०७४१३ | ७५७०० | २८३११३ | जनक रोकाय, मिने रोकाय, पुल्ती रोकाय, रमेश रोकाय | २३७ दिन भाखा नाघेको |
| ३ | माधव प्रसाद उपाध्याय | खाँडाचक्र न.पा.-०१, कालिकोट | हिरा प्रसाद उपाध्याय | कालु प्रसाद उपाध्याय | आवास कर्जा | ६६१,०२० | १५७२०० | ८१८२१५ | मन कोईला उपाध्याय। कालु प्रसाद उपाध्याय | २३७ दिन भाखा नाघेको |
| ४ | भक्तबहादुर मल्ल | खाँडाचक्र न.पा.-०२, कालिकोट | धनसिह मल्ल | विर्ख बहादुर मल्ल | प्रोफेस्नल कर्जा | ५९५००० | १४४६३८ | ७३९६३८ | हरीसवा मल्ल सन्तोष कुमार मल्ल झरना मल्ल | २०७ दिन भाखा नाघेको |
| ५ | दिपेन्द्र बहादुर थापा | भैरीकालिका-०७, दैलेख | कृतिरुप थापा | ऐन बहादुर थापा | व्यापार | २००००० | ३२१९५ | २३२१९५ | | ३३० दिन भाखा नाघेको |
| ६ | मनपुरा खडका | खाँडाचक्र न.पा.-०२, कालिकोट | कुर्रे खडका | रण बहादुर खडका | व्यापार | ९५०००० | १०१०४७ | १०५१०४७ | हर्ष बहादुर खडका | २३६ दिन भाखा नाघेको |
| ७ | लोकप्रिय बहुउदेश्यिय कटिङ सेन्टर प्रो.नन्दाशाही | खाँडाचक्र न.पा.-०१, कालिकोट | पदम बहादुर शाही | लोक बहादुर शाही | व्यापार | १८००००० | १९७२९५ | १९९७२९५ | कमला शाही | २३६ दिन भाखा नाघेको |
| ८ | गज बहादुर शाही | खाँडाचक्र न.पा.-११, कालिकोट | जय बहादुर शाही | प्रेम बहादुर शाही | सरल कृषि कर्जा | २००००० | १६००० | २१६००० | | २३६ दिन भाखा नाघेको |
| ९ | काया फेन्सी पसल प्रो.निरु शाही | खाँडाचक्र न.पा.-१, कालिकोट | धन बहादुर शाही | अम्ब बहादुर शाही | व्यापार | १९००००० | १९७२०० | २०९७२०० | भद्र बहादुर शाही | २३६ दिन भाखा नाघेको |

**कृषि विकास बैंक लि.**
**कर्णाली प्रदेश कार्यालय सुर्खेत।**

# गेटा मेडिकल कलेजलाई चाँडै विश्वविद्यालयमा स्तरोन्नति गरिने

**युग संवाददाता**
**कञ्चनपुर, २५ फागुन ।**

प्रधानमन्त्री एवं सुदूरपश्चिम विश्वविद्यालयका कुलपति केपी शर्मा ओलीले कैलालीको गेटा मेडिकल कलेजलाई चाँडै चिकित्सा विश्वविद्यालयका रुपमा स्तरोन्नति गरिने बताएका छन् ।

सुदूरपश्चिम विश्वविद्यालयको पाँचौँ दीक्षान्त समारोह तथा विशेष सभामा उहाँले गेट मेडिकल कलेजलाई राष्ट्रिय चिकित्सा विश्वविद्यालय बनाउनुपर्छ भनेर आफूले पहिलेदेखि नै कुरा उठाउँदै आएको उल्लेख गर्दै उनले विश्वविद्यालय बन्नेमा ढुक्क हुन आग्रह गरे । "यो खुसीको कुरा हो" उनले भने, "नेपालमा कुनै पनि क्षेत्रमा मेडिकल विश्वविद्यालय छैन, त्यो अब यहाँ बन्छ ।"

डडेल्धुराको पर्शुराम क्षेत्र जोड्ने पुलसँगै सीमा क्षेत्रमा निर्माण हुने पुलका लागि आफू पहिले प्रधानमन्त्री हुँदा भारतीय समकक्षीसँग कुरा उठाएको उनले बताए । त्यस क्षेत्रमा पक्की पुल निर्माणका लागि पहल गरिने प्रतिबद्धता प्रधानमन्त्री ओलीले व्यक्त गरे ।

फरक प्रसङ्गमा प्रधानमन्त्रीले हुलाकी राजमार्ग, दैजी छेला औद्योगिक क्षेत्र, दोधारा-चाँदनीमा सुक्खा बन्दरगाह निर्माण पनि चाँड प्रारम्भ हुने बताए । सुक्खा बन्दरगाह बनाउन भारत सरकारसँग छलफल जारी रहेको जानकारी पनि उनले दिए ।

# गृहमन्त्रीद्वारा आपतकालीन गोदामघर कर्णाली प्रदेशलाई हस्तान्तरण

**युग संवाददाता**
**सुर्खेत, २५ फागुन ।**

गृहमन्त्री रमेश लेखकले विपद्जन्य घटनाहरु भएमा तत्काल उद्धार तथा राहत सामग्री राख्ने प्रादेशिक आपतकालीन गोदामघर कर्णाली प्रदेशलाई हस्तान्तरण गरेका छन् । आइतबार वीरेन्द्रनगरमा आयोजित एक कार्यक्रमका बीच गृहमन्त्री लेखकले कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेललाई हस्तान्तरण गरेका हुन् ।

पश्चिम नेपाल भूकम्प तथा प्राकृतिक विपद्को जोखिममा रहेकाले संघीय सरकार मातहत रहेको गोदामघर प्रेदेशलाई हस्तान्तरण गरिको गृहमन्त्री लेखकले बताए । 'भूकम्प, बाढी, पहिरो, आगलागी, लेक लाग्ने, शित लहर जस्ता विविध किसिमका जोखिममा रहेकाले तीन तहका सरकारहरु तयारी अवस्थामा रहन आवश्यक छ,' उनले भने,'आपतकालिन अवस्थामा तत्काल जोखिम न्यूनिकरण गर्नका लागि गोदाम घरको स्थापना गरिएको हो ।'

संघीय सरकारले गोदामघर हस्तान्तरण गर्न सात वर्ष लागेको मुख्यमन्त्री कँडेलले बताए । 'भौतिक संरचना हस्तान्तरणसँगै अन्य संरचना र कानुनी अधिकार पनि हस्तान्तरण गर्न आवश्यक रहेको छ,' उनले भने,'प्रदेश सरकारलाई आवश्यक रहेका कयौं संरचना र अधिकार संघीय सरकारले अझै दिन सकेको छैन् ।'

## अर्थले...

गरेको छ । तर, हवाई इन्धनमा सहुलियत दिने घोषणा भएर बजेट विनियोजनसमेत भइसकेको अवस्था भए पनि घोषणा कार्यान्वयनका लागि हालसम्म आवश्यक कार्यविधिसमेत बनिसकेको छैन ।

सडक यातायात कठिन रहेका कर्णालीका पहाडी र दुर्गम जिल्लाका नागरिकहरूलाई नियमित रूपमा सहज, सुलभ हवाई सेवा निरन्तर रूपमा गराउने उद्देश्यले प्रदेश सरकारले यस्तो कार्यक्रम ल्याएको थियो । एयरलायन्सहरूलाई इन्धनमा सुविधा दिने घोषणा गर्नुअघि प्रदेश सरकारले कर्णालीका ज्येष्ठ नागरिकहरूका लागि विमान टिकटमा १ हजार रुपैयाँ सहुलियत दिँदै आएको थियो ।

प्रदेश सरकारले सुर्खेत केन्द्र हुँदै हवाईजहाजबाट कर्णालीका अन्य जिल्ला जाने र आउने ज्येष्ठ नागरिकका लागि प्रत्येक टिकटमा १ हजार रुपैयाँ सहुलियत दिने गरेको थियो । कर्णालीका दुर्गम भेगका नागरिकको विमान टिकटमा सहुलियत कार्यक्रममा पहुँच नै कम हुन थालेपछि कर्णाली प्रदेश सरकारले सुर्खेत केन्द्र बनाई विमान उडान भर्ने एयरलाइन्सलाई नै इन्धनमा सहुलियत दिने कार्यक्रमको घोषणा गरिएको थियो । तर, त्यो घोषणामै सीमित भएको छ । घोषणा भएको लामो समयपछि बनाइएको सहुलियत कार्यविधि कर्णालीको आर्थिक मामिला तथा योजना मन्त्रालयले रोकेको छ ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सूचना अधिकारी निरज श्रेष्ठले इन्धन सहुलियतको विषय मन्त्रालयले अपनत्व लिएसँगै कार्यविधि निर्माण गरेर अर्थ मन्त्रालयमा पठाएको बताउँछन् । तर, अर्थ मन्त्रालयले सहमति नदिएर फाइल फिर्ता गरेको उनले बताए । 'नीति तथा कार्यक्रममा समेटिएको विषयलाई सहमति दिनुपर्ने दिनुपर्छ भनेका छौं,' उनले भने, 'पुनः सहमतिका लागि फाइल अर्थ मन्त्रालयमा पठाएका छौं ।'

कर्णाली प्रदेश सरकारले कर्णालीमा हवाई उडानलाई निरन्तरता दिन एयरलाइन्सहरूलाई आकर्षित गर्ने घोषणा गरे पनि पहाडी जिल्लामा नियमित हवाई उडान नहुँदा यात्रीहरूको समस्या ज्युँका त्युँ नै छ ।

सडक सञ्जालले नछोएका कर्णालीका उच्च पहाडी र हिमाली जिल्लाहरूमा यातायातको एक मात्र साधन भनेकै हवाई सेवा मात्र हो । तर पनि महँगोमा टिकट किन्नुपर्ने, किन्न खोजे पनि समयमा टिकट नपाइने र पाए पनि जहाज निर्धारित दिन र समयमा नउड्ने समस्या कर्णालीवासीले वर्षौंदेखि झेल्दै र भोग्दै आइरहेका छन् ।

## यतीको...

७२ सिटे विमानले कर्णाली प्रदेशको सुर्खेत विमानस्थल र सुदुरपश्चिम प्रदेशको धनगढी विमानस्थलमा सफलतापूर्वक परीक्षण उडान गरेको यति यएरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाले बताए ।

'नेपालगन्ज विमानस्थलबाट उडेको यतीको विमान सुर्खेत विमानस्थलमा आज दिउँसो सवा १२ बजे अवतरण गरेको थियो । भने नेपालगन्जबाटै उडेको सोही विमान दिउँसो साढे १ बजे धनगढी बिमानस्थलमा अवतरण गरेको थियो,' उनले भने, 'परीक्षण उडानमा रहेको उक्त विमानलाई यती एअरलाईन्सका प्रशिक्षक पाइलटद्वय क्याप्टेन समर्थरत्न तुलाधर र क्याप्टेन राजु राजवंशीले उडान भरेका थिए ।'

परीक्षण उडानका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणका तथा यती एअरलाईन्सका प्राविधिक तथा प्रतिनीधिहरुको टोली साथमा रहेका थिए । यात्रुहरुको मागलाई ध्यानमा राखी उडानको दायरा बढाउदै आफ्नो बजार हिस्सा विस्तार गर्ने उद्देश्य यती एअरलाईन्सले परीक्षण उडान गरेको जनाएको छ ।

यती एअरलाईन्सले सात वटा एटीआर ७२ विमानमार्फत नियमित रुपमा काठमाडौं, चन्द्रगढी, विराटनगर, जनकपुर, सिमरा, पोखरा, भैरहवा, नेपालगञ्ज विमानस्थललगायत पर्वतीय उडानहरु गर्दै आएको छ ।

संघीयताअघि सुर्खेत विमानस्थलमा सीता, तारा, यतीलगायतका निजी हवाई सेवाप्रदायक कम्पनीका ट्वीनअटर विमानहरू दैनिक सुर्खेती आकाश भएर कर्णालीका माथिल्ला जिल्लाहरूमा उडान भर्थे । यात्रुवाहक तथा कार्गो विमान तथा हेलिकोप्टरले खाली नहुने विमानस्थलमा अहिले सुर्खेत-काठमाडौं, काठमाडौं-सुर्खेत दैनिक चार उडान मात्र गर्ने गरेका छन् । देश संघीयतामा गएसँगै साविक कर्णालीका चार जिल्ला प्रदेश राजधानी सुर्खेतसँगको सिधा हवाई सेवाको पहुँचबाहिर छन् ।

२०७४ अघि साविक कर्णालीका जुम्ला, मुगु, हुम्ला र डोल्पा तथा सुदूरपश्चिम प्रदेशको बाजुरा जिल्लामा सुर्खेत विमानस्थलबाट नियमित रूपमा हुँदै आएका उडानहरू त्यसयता भने नेपालगञ्जबाट हुँदै आएका छन्, जसले हवाई सेवा प्रयोग गरी प्रदेश राजधानी आउन लुम्बिनी प्रदेशको नेपालगञ्ज धाउनुपर्ने बाध्यतामा नागरिकहरू छन् ।

प्रदेश राजधानी भएसँगै सुर्खेत राजनीतिक, प्रशासनिक, आर्थिक तथा शैक्षिक हब बनेको वीरेन्द्रनगर दशवटै जिल्लाका नागरिकको रोजाइ बन्दै गएको छ । सुर्खेत विमानस्थलबाट नियमित रूपमा हिमाली र पहाडी जिल्लामा हवाई सेवा सञ्चालन नहुँदा अध्ययन, रोजगारी, औषधी उपचार प्रशासनिक कामकाजका लागि वीरेन्द्रनगर आउजाउ गर्ने नागरिकले ठूलो धनराशी खर्च गर्नुपर्ने बाध्यता छ । काठमाडौं-सुर्खेत सिधा हवाई उडान हुने विमानस्थलमा नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको नेपाल वायु सेवा निगमको कार्यालयसमेत सुर्खेतमा छैन ।

अझ नेपाल वायु सेवाले सुर्खेत विमानस्थल भएर कर्णालीका कुनै पनि जिल्लामा हालसम्म एउटा पनि उडान भरेको छैन । उतिबेला सुर्खेतबाट माथिल्ला जिल्लाहरूमा यात्रु तथा कार्गो उडान हुँदा सरकारले लगाउने हवाई शुल्क महँगो पर्ने भन्दै निजी हवाई कम्पनीहरूले आफ्ना उडानहरू नेपालगञ्ज स्थानान्तरण गरेका थिए ।

त्यसयता कर्णालीको आन्तरिक आकाशमा न सरकारले आफ्ना जहाज उडाउने प्रयास गरेको छ, न त निजी सेवाप्रदायक कम्पनीलाई नै जहाज उडाउन प्रोत्साहन गरेको छ । सञ्चालन खर्चका कारण सरकारी स्वामित्वको वायु सेवा निगम नै कर्णालीमा आन्तरिक उडान भर्न नसकिने जवाफ दिँदै आएको छ ।

## बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८१/११/२६)**

वीरेन्द्रनगर औद्योगिक क्षेत्र भित्र Upgrading of Pipeline inside Birendranagar industrial district, Contarct ID:- BirIDMO/2081/082/CWK-03 कार्य गर्नको लागि सम्बन्धित निकायबाट कार्य गर्ने इजाजत प्राप्त, मू.अ.करमा दर्ता भएका, पछिल्लो आ.व.को कर चूक्ता गरेका इच्छुक कम्पनी फर्महरुबाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र E-bidding मार्फत पेश गर्न सकिने छ । विस्तृत जानकारीको लागि www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ ।


नोटः यस भन्दा अगाडिको सूचनामा भूलवस अन्यथा भएकोले उक्त सूचना रद्ध गरिएको छ ।

**औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड**
**शाखा कार्यालय**
**वीरेन्द्रनगर, औद्योगिक क्षेत्र ।**
**फोन नं.०८३-५२०१३०**

सामेल एग्रिकल्चर प्रा.लि.
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत
हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाइटेक, हाइटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।
budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२



घरायसी सामानहरुका लागि :
भवानी अर्डर एण्ड सप्लायर्स
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८
हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराइ, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।



घर निर्माण कार्यको लागि सम्झनुहोस्
हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्र्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।



प्रो. शिवराज शाही
शिवराज सप्लायर्स
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर
हाम्रा विशेषताहरू
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।
इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा
९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२
Bhawani Auto Workshop
BC Group
Birendranagar-Surkhet
भवानी अटो वर्कसप
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत
हाम्रा सेवाहरु
✔ गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
✔ चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
✔ बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
✔ डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
✔ गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
✔ सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।
TOYOTA BYD Mahindra FORCE MOTORS ISUZU FOTON TATA
Servicing | Repair | Denting | Panting | Washing



युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।